

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ९ गते मंगलबार ❑ 23 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## निर्दोष फस्ने छैनन् तर भ्रष्टचारका दोषीलाई कानूनी दायरामा ल्याउछौं: उपप्रधान तथा गृहमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
गोरखा, ८ जेठ

नेपाल सरकारका उप–प्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टचारमा निर्दोष व्यक्तिहरु नफस्ने तर दोषीलाई कानूनी दायरामा ल्याई छाड्ने दाबी गरेका छन्। प्रेस सेन्टर नेपाल, गण्डकी प्रदेश तथा जिल्ला समन्वय समितिको हालै गोर्खामा सम्पन्न भएको बार्षिक साधारण सभामा सम्बोधन गर्दै उप–प्रधान तथा गृहमन्त्री श्रेष्ठले उक्त कुरा बताएका हुन्।

उनले भने "भ्रष्टचार र कमिसनको अभियामना कोहि निर्दोष फस्ने छैनन्, कोही दोषीले भने छुट्कारा पाउने छैनन्, हामीले नेपाल प्रहरीलाई स्पष्ट निर्देशन दिएका छौं, विना पूर्वाग्रह स्वतन्त्र र निष्पक्ष ढंगले अनुसन्धानको प्रकया अघि बढाउने, निर्दोषलाई उनको सामाजिक प्रतिष्ठामा आच आउने गरी र उसलाई अनावश्यक रुपमा दुःख दिने गरी तान्ने र तानिने काम हुनु हुदैन तर दोषी र अपराधि भने कोही कुनै पनि हालतमा छुट्न हुदैन् ।"

अर्को देशको शरणार्थी बनायर विदेश पठाउने षडेन्त्र गरेर सम्पत्ति आर्जन गर्ने धन्दा भएकोमा यसमा संलग्नहरुलाई तथ्य र प्रमाणका आधारमा अनुसन्धान अघि




बढायर कानूनको दायरमा ल्याउने प्रकृया अघि बढाएको उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले बताए । अष्टचार बिरोधी अन्य अभियान पनि अघि बढाउन जनताले स्वभाविग ढंगले चाहेको उल्लेख गर्दै गृहमन्त्री श्रेष्ठले जनताको इच्छा र चहाना अनुसार अभियान संचालन गर्द जाने भएको उनले बताए ।

उप–प्रधान तथा गृहमन्त्री श्रेष्ठले देशमा कमिसन र भ्रष्टचारको जालोले गर्दा आर्थिक विकास र समृद्धि हासिल गर्न नसकिएको दाबी गरेका छन्। उनले भने "भ्रष्टचार र कमिसनको जालोलाई अन्त्य नगरेसम्म वा नतोडेसम्म हामीले विकास र समृद्धिको यात्रा अघि बढाउन सक्दैनौं, त्यसको केही अभियान प्रधानमन्त्री ज्यूले सुरुवात गर्नु भएको छ, अब हामीले उहाँको अभियानलाई साथ दिनुपर्छ यसमा जनताको साथ आवश्यक हुन्छ ।" श्रमिक युवाहरुलाई स्वदेश फर्किने वातावरण सृजना गरी समृद्ध नेपाल निर्माण गर्नको लागि र नयाँ नेपाल निर्माण गर्न भ्रष्टचार बिरोधी गतिविधि बिरुद्ध सरकार खरो रुपमा अघि बढ्ने उपप्रधान तथा गृहमन्त्री श्रेष्ठको भनाई छ। सम्भावना भएको हाम्रो देश नेपालका करिब ३० लाख युवा विदेश हुनु निकै दुःखको कुरा भएको बताएका उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले आफ्ना बाबु आमा र छोरा छोरीको काख छोडेर रोजगारको लागि स्वदेशमै श्रम पसिना सिंचित गर्न ल्याउनु पर्नेमा जोड दिए। त्यसको निम्ति काम गर्न आवश्यक भएको उनले दाबी गरे । उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले प्रधानमन्त्रीले हाल चार वटा कार्यभार पूरा गर्ने अठोट गरेको बताए । नेपालको राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वामिभान र हितको रक्षा गर्नु राष्ट्रिय सुरक्षालाई बलियो बनाउनु सबैको निम्ति राष्ट्रिय एकतालाई मजबुद बनाउने यो पहिलो कार्यभार भएको बताए । ६ दशक भन्दा बढी लामो समय सघर्ष गरेर प्राप्त गरेको राजनीतक ऐतिहासिक समावेसी लोकतन्त्रको रुपमा रहेको उपलब्धीलाई संस्थागत गर्नु पर्ने रहेको उनले बताए। महान शहिद र वेपत्ता परिवारजनको हकहित र संक्रमणकालिन न्याय सम्बन्धि कार्यभार पूरा गर्नुपर्ने उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले बताए । शान्ति प्रकृयालाई अन्तिम निष्कर्षमा टुंगाउनु पर्ने उनले जनाए । सामाजिक आर्थिक रुपान्तरको विकास र समृद्धिको कार्यभार पुरा गर्नु हाम्रो काधमा आएको उनले जनाए। समयसापेक्ष पत्रकारहरुले आफुलाई योग्य र सक्षम बनाउन उनको सुझाव थियो। समितिका प्रदेश अध्यक्ष अर्जुन काफ्लेको अध्यक्षतामा भएको कार्यक्रममा सेन्टरका केन्द्रिय अध्यक्ष बिष्णु सापकोटा (जुगल), अग्रज पत्रकार कोमलनाथ बराल लगायतले पत्रकार समय सापेक्ष आफुलाई परिमार्जन गर्दै अघि बढ्नुपर्ने र श्रमजिबी पत्रकारको हकहितको लागि पत्रकार एक हुनु पर्नेमा जोड दिए। उक्त अवसरमा प्रेस सेन्टरका नेता सुर्य किरण शर्मालाई बिशेष सम्मान गरिएको सेन्टर गण्डकीका महासचिव सन्तोष गौतमले बताए।

## गण्डकीका समन्वय प्रमुखको बैठक ढोरपाटनमा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

जिल्ला समन्वय समिति बागलुङको आयोजनामा गण्डकी प्रदेशका सबै समन्वय समितिका पदाधिकारीको संयुक्त बैठक ढोरपाटनमा सम्पन्न भएको छ।

बैठकले पर्यटकीय क्षेत्र ढोरपाटनको प्रचारमा जोड दिएको बागलुङका प्रमुख अमर थापाले जानकारी दिनुभयो। उक्त भेलाले उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् परियोजना छिटो निर्माण गर्न पहल गर्ने निर्णय गरेको छ । "हामीले बागलुङतर्फबाटै जलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्न पहल गरेका छौं", थापाले भन्नुभयो, "यो सम्भव पनि छ ।" राज्यको ध्यानाकर्षण गरेर आगामी बजेटमा प्राथमिकता दिन पनि आग्रह गरिएको उहाँले बताउनुभयो । दशकअघि सर्भेक्षण भएर बागलुङतर्फ नै आयोजना निर्माण गर्ने तयारी भएपनि राजनीतिक र क्षेत्रीय किचलोका कारण काम रोकिएको थियो । उत्तरगङ्गा जलाशयुक्त जलविद्युत् आयोजना निर्माण गर्नसकेमा बागलुङमै आठ सय ७२ मेगावाट क्षमताको विद्युत् उत्पादन हुनेछ । त्यस्तै भेलाले जिल्ला समन्वय समितिले काम गर्ने केही क्षेत्रमा कानुन अभाव भएकाले गण्डकी प्रदेश सरकार र सङ्घीय सरकारले छिटो कानुन निर्माण गर्नुपर्ने माग पनि गरेको बताइएको छ । भेलामा पुगेका अधिकांशले ढोरपाटनको पर्यटकीय महत्वबारे बुझे पनि अझै सडक सञ्जाल निर्माणमा ढिलाइ भएको बारे चासो राखेका थिए। सालझण्डी ढोरपाटन सडक आयोजनाले यहाँ काम गरे पनि पूरा भएको छैन । बर्षातमा अझै पनि ढोरपाटन जान आउन सास्ति छ। सडक कालोपत्रे भएमा ढोरपाटनमा पर्यटक बढाउन सकिने प्रमुख थापाले जानकारी दिनुभयो।

## पाँच सयले चढे सगरमाथा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

यस वर्षको वसन्त ऋतुमा करिब पाँच सयले सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका छन् ।

पर्यटन विभागका अनुसार यो यामको जारी आरोहणमा आजसम्म आरोही तथा शेर्पा सहयोगी गरी पाँच सयले सगरमाथा आरोहण गरेका हुन् । विभागका महानिर्देशक होमप्रसाद लुइँटेलले आजसम्म करिब पाँच सयले सगरमाथा आरोहण गरेको बताउनुभयो । "वसन्त ऋतुको सगरमाथा आरोहणमा चार सय ७८ ले आरोहण अनुमति 'एक्सपीडिसन पर्मिट' लिएकामा आजसम्म करिब पाँच सयको हाराहारीले सगरमाथाको सफल आरोहण गरेका छन् । यसमा आरोही तथा शेर्पा गाइड पनि छन्", महानिर्देशक लुइँटेलले भन्नुभयो।

मौसमले साथ दिएकाले अहिले सगरमाथालगायत हिमालमा उत्साहबर्द्धक रूपमा आरोहण भइरहेको विभागले जनाएको छ। यस वर्षको वसन्त ऋतुको आरोहण गत वैशाख ३० गतेबाट सुरु भएको थियो । सगरमाथा आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले सगरमाथाको चुचुरोसम्म रोप फिक्सिङ (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको हो ।

वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न इतिहासकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका छन् । विभागको पर्वतारोहण शाखाको विवरणमा ४७ आरोही समूहका एक सय तीन महिला र तीन सय ७६ पुरुष गरी कूल चार सय ७८ आरोहीले आरोहण अनुमति लिएका हुन् ।

## शरणार्थी प्रकरण : प्रहरीले बुझायो प्रतिवेदन

**रासस**
काठमाडौं, ८ जेठ

जिल्ला प्रहरी परिसर काठमाडौँले नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्नविरुद्धको अनुसन्धान प्रतिवेदन सोमबार जिल्ला सरकारी वकिलको कार्यालयलाई बुझाएको छ।

अनुसन्धानको ५७औँ दिनमा प्रहरीले आफ्नो रायसहितको प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको हो । नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक कुबेर कडायतले ठगी, सङ्गठित अपराध तथा राज्यविरुद्धको अपराधमा मुद्दा चलाउने रायसहितको प्रतिवेदन बुझाएको राससलाई जानकारी दिनुभयो । उहाँले सरकारी वकिलको कार्यालयले प्रतिवेदनमा थपघट पनि गर्न सक्ने बताउनुभयो। उहाँका अनुसार सम्पत्ति शुद्धीकरण तथा अख्तियार दुरुपयोग अनुसन्धानको पाटो बाँकी नै रहने र त्यसतर्फ पनि मुद्दा आकर्षित हुनसक्ने उल्लेख गर्नुभयो । उक्त प्रकरणमा पूर्वउपप्रधानमन्त्री, गृहमन्त्रीलगायतका १६ जना पक्राउ परेका छन् । उहाँले थप १६/१७ जनालाई प्रतिवादी बनाएर मुद्दा चलाउने राय पनि दिइएको जानकारी दिनुभयो।

प्रहरीले बुझाएको अनुसन्धान प्रतिवेदन हेरेर अभियोजनको पाटो अघि बढ्ने जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख अच्युतमणि नेउपानेले जानकारी दिनुभयो। प्रकरणमा एक सय १३ जना पीडितले रु २७ करोड बढी ठगी भएको भनी उजुरी दिएका छन् । उक्त घटनामा तत्कालीन गृहमन्त्री बालकृष्ण खाण, नेकपा (एमाले)का निलम्बित सचिव एवं पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, तत्कालीन गृहसचिव टेकनारायण पाण्डे, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'का सुरक्षा सल्लाहकार डा ईन्द्रजित राई, हज समितिका अध्यक्ष शमशेर मियाँ, पूर्वसभासद आङटावा शेर्पा, तत्कालीन गृहमन्त्री खाणका स्वकीय नरेन्द्र केसी, टोपबहादुर रायमाझीका छोरा सन्दीप रायमाझीसहित गिरोहका सदस्यहरु केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टङ्क गुरुङ, गोविन्द चौधरी र रामशरण केसी पक्राउ परेका छन्।


**लोकतन्त्रको उपलब्धिको रक्षा गरौं**

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन, यिनको अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## राष्ट्रिय राजनीतिमा युवालाई अगाडि बढाउने अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, ८ जेठ

प्रथम मदन आश्रित स्मृति नकआउट सेभेन ए साइड खुला फुटबल प्रतियोगितामा फुटसल फाईभ समूह प्रथम भएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) निकट पिपुल्स भोलेन्टियर्सको आयोजना तथा युवा सङ्घ नेपालको समन्वयमा काठमाडौँको मनमैजुस्थित मैदानमा भएको प्रतियोगितामा रोयन एफसी समूह दोस्रो र कुर्दन एफसी समूह तेस्रो भएका छन्। पहिलो दोस्रो र तेस्रो समूहले क्रमशः तीन लाख, रु दुई लाख र एक लाखसहित शिल्ड, ट्रफी प्राप्त गरेको छन्। यही जेठ ३ गतेदेखि आजसम्म भएको प्रतियोगितामा ८० टिमको सहभागिता रहेको भए पनि ५८ टिमले प्रतिस्पर्धा गरेका थिए । नेकपा (एकिकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले खेलकुदका माध्यमबाट देशको पहिचानलाई अन्तर्राष्ट्रिय तहमा प्रवर्द्धन गर्न सकिने बताउँदै त्यसका लागि युवा वर्गले महत्वपूर्ण भूमिका निर्वाह गरेकामा खुसी व्यक्त गर्नुभयो । उहाँले राष्ट्रिय राजनीतिमा पनि युवालाई अगाडि बढाउने नीति आफ्नो पार्टीले अवलम्बन गरेको जानकारी दिनुभयो।

गण्डकी प्रदेशसभा सदस्य राजीव गुरुङले देशमा छरिएका कम्युनिष्ट शक्तिलाई एकताबद्ध गरी कम्युनिष्ट सिद्धान्तलाई लोकप्रिय बनाउन जननेता मदन भण्डारी र कुशल सङ्गठनको स्मृतिमा गरिएको प्रतियोगितालाई सबै जिल्लामा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । पार्टी पोलिटब्युरो सदस्य एवं युवा सङ्घ इन्चार्ज दिलु पन्तले नेपाली राजनीतिमा देखापरेको भ्रष्टाचार, आपराधिकरणलगायत विकृति अन्त्यका लागि युवाशक्ति आदर्श र निष्ठापूर्वक अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। तत्कालीन नेकपा एमालेका महासचिव मदन भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको विसं २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा भएको दुर्घटनामा परी निधन भएको थियो।

# पोखरामा गोकुल जोशीको ९४ औं जयन्ती

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ



२०४९ सालमा जनस्तरबाट रकम सङ्कलन गरी स्थापना भएको प्रगतिशील साहित्यिक संस्था 'गण्डकी साहित्य सङ्गम', पोखराले जेठ ८ गते सोमबारका दिन क्रान्तिद्रष्टा कवि गोकुल जोशीको ९४ औं जयन्ती विविध कार्यक्रमका साथ मनाएको छ।

कार्यक्रममा गोकुल जोशीको जीवनी, व्यक्तित्व तथा कृतित्वका बारेमा साहित्यकार एवम् प्रगतिशील बुद्धिजीवीहरु रामराज रेग्मी, रघुनाथ अधिकारी, प्रा.डा. भवानीप्रसाद पाण्डे 'भास्कर', शेषमणि आचार्य, पीताम्बर नेपाली, झलकपाणि तिवारी, नुमराज बराल, विजया सुवेदी, सुमन खनाल पहारी, नारायण परिश्रमी लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

उक्त कार्यक्रममा प्रा.डा. ज्ञानबहादुर कार्की, प्रा.डा. यमबहादुर पौडेल क्षेत्री, गेहेन्द्रेश्वर कोइराला, विश्वबन्धु भण्डारी, प्रदेश सभाका पूर्व सभासद राजीव पहारी, राजेन्द्र पौडेल, लक्ष्मी खनाल, निर्मल सापकोटा, इच्छाबहादुर वाग्ले, त्रिभुवन शर्मा, रामप्रसाद पौडेल, ऋषिकेश बराल, छवि सुवेदी, लक्ष्मण गौतम, सुनिता खनाल, आनन्दसुन्दर श्रेष्ठ, लक्ष्मण थापा, कल्याण पन्त, प्रकाश खनाल, विक्रम थापा, धनकुमारी श्रेष्ठ, शुभ शर्मा, असफल गौतम, फडिन्द्र अकिञ्चन, गोपालमणि लामिछाने, सुरज उपाध्याय, स्ट्रगल राना, यामबहादुर सुर्खाली, विष्णुप्रसाद बाँस्तोला, चिजकुमार जोशी, बुद्धिसागर घिमिरे, लक्ष्मीप्रसाद पौडेल, सिर्जना पण्डित, रामजी थापा, विष्णु पराजुली, विजय उपाध्याय, छविलाल आचार्य, अमृतराज उपाध्याय, शशी पण्डित, कृष्णमणि भुर्तेल, श्रीकृष्ण अधिकारी, शालिक देवकोटा, दिनेश लिम्बू, लीला के.सी., शिवबहादुर बराल, अपार मरासिनी लगायतका साहित्यकार एवम् अक्षयकोषका संस्थापकहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा 'सङ्गम सांस्कृतिक मञ्च'का कलाकारहरु काजी गाउँले, विकास लुङ्गेली, ध्रुव रामदाम लगायतले गीतहरु प्रस्तुत गर्नुभएको थियो भने गण्डकी वाङ्मय पुरस्कारद्वारा पूर्व सम्मानित प्रतिभा स्याङ्जाका कवि चिन्तु गिरीले कविता पाठ गर्नुभएको थियो। सोही अवसरमा सङ्गमको आवधिक प्रकाशन 'गण्डकी सङ्गम' (कुलप्रसाद खनाल विशेषाङ्क) पूर्णाङ्क- १९ माथि समीक्षक यादवराज उपाध्यायले टिप्पणी गर्नुभएको थियो। कार्यक्रममा 'गण्डकी साहित्य सङ्गम'द्वारा प्रत्येक दुई-दुई वर्षमा प्रदान गर्दैं आएको 'गण्डकी वाङ्मय पुरस्कार'- २०७९द्वारा लमजुङका स्रष्टा नारायण परिश्रमीलाई सम्मान गरिएको थियो।

वाम बुद्धिजीवी तथा लेखक झलकपाणि तिवारीले सो अवसरमा संस्थाको अक्षयकोषमा रकम वृद्धि गर्ने उद्देश्यले पछि थप गर्ने चाहना व्यक्त गर्दै हालका लागि पचास हजार रुपैयाँको चेक सङ्गमका अध्यक्षलाई हस्तान्तरण गर्नुभएको थियो। संस्थाका उपाध्यक्ष पद्मराज ढकालद्वारा स्वागत मन्तव्य व्यक्त गरिएको उक्त कार्यक्रमको अध्यक्षता भीम रानाभाटले र सञ्चालन नारायण मरासिनीले गर्नुभएको थियो।

# विपद् न्यूनीकरणका लागि सेनाको भूमिका प्रशंसनीय : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
दमौली, ८ जेठ



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपद्का घटना न्यूनीकरण, खोज तथा उद्धारमा नेपाली सेनाको भूमिका उच्च प्रशंसनीय रहँदै आएको बताउनुभएको छ।

गण्डकी प्रदेश सरकार र नेपाली सेनाको पश्चिम पृतना हेडक्वाटर तथा व्यास नगरपालिका-५ स्थित कालीभञ्जन गण (ई) को आयोजनामा सोमबार व्यास नगरपालिका-१० मादी नदीमा आयोजित विपद् नमुना अभ्यास 'अभ्यास गण्डक उद्धार-१' कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले विपद्का घटनामा प्रतिकार्यका लागि सुरक्षाकर्मी, विभिन्न सरोकारवाला निकाय र स्थानीयवासीको योगदान महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। मुख्यमन्त्री पाण्डेले नेपाली सेनाको उच्च जनशक्ति, कुशल व्यवस्थापन, पूर्वतयारी, तैनाथी, स्रोत र साधन तत्काल परिचालनले विपद् न्यूनीकरणमा नेपाली सेना सशक्त रहँदै आएको इतिहासले पुष्टि नै गरेको छ भन्नुभयो। उहाँले भन्नुभयो, "विसं २०७२ को भूकम्प होस् वा विमान दुर्घटनामा नेपाली सेनाको प्रदर्शन उच्च र प्रशंसनीय रहेको छ। विपद् प्रतिकार्य कुनै व्यक्ति वा संस्थाले मात्र गरेर सम्भव छैन, यसका लागि सामूहिक प्रयास आवश्यक छ।" विपद् व्यवस्थापनमा प्रदेश सरकारले समन्वयात्मक र अभिभावकीय भूमिका निर्वाह गर्दै आएकाले यसमा प्राथमिकता दिएर बजेट विनियोजन गरिएको मन्त्री पाण्डेले उल्लेख गर्नुभयो। नेपाली सेनाको पश्चिम पृतना हेडक्वाटरका पृतनापति एवं उपरथी दीपक बानियाँले नेपाली सेनाले प्राकृतिक घटनामा जनताको जिउधनको सुरक्षाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको चर्चा गर्नुभयो। गण्डकी प्रदेशमा विगत तीन वर्षमा बाढीपहिरो, आगलागी र हिमपहिरोबाट दुई सय १८जनाको मृत्यु भएकाले यस प्रदेश विपद् जोखिमको सूचीमा परेको उहाँले उल्लेख गर्नुभयो। प्रतिकार्य योजना बमोजिम नेपाली सेनाले सबैसँगको समन्वयमा विपद्का घटनामा सहयोग पुऱ्याउँदै आएको बताउँदै उपरथी बानियाँले गत आर्थिक वर्षमा १८ वटा सचेतनामूलक अभ्यास सञ्चालन गरिएको जानकारी दिनुभयो। व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले विपद्का घटना न्यूनीकरण सबैको सामूहिक प्रयासबाट सम्भव हुने बताउनुभयो। प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले तनहुँ जिल्ला विपद्को सूचीमा अग्रस्थानमा रहेकाले नमूना अभ्यासले पनि विपद् जोखिम न्यूनीकरणमा सहयोग मिल्नेमा जोड दिनुभयो।

# अरण्यज्योति कप टी-२० को उपाधि पेलिकेण्ट्स तनहुँलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ




अरण्यज्योति क्रिकेट क्लबको आयोजनामा पोखरामा सम्पन्न लुम्बिनी विकास बैंक अरण्यज्योति कप-२०८० को उपाधी पेलिक्याण्टस् क्रिकेट क्लव, तनहुँले जितेको छ।

सोमबार पोखरा रंगशालामा भएको फाइनल खेलमा आयोजक अरण्यज्योतीलाई ६९ रनले पराजित गर्दै तनहुँले उपाधी आफ्नों पोल्टामा पारेको हो।

खेलमा पहिला व्याटिङ गरेको तनहुँले पुरा २० ओभरमा ४ विकेट गुमाएर १ सय ८८ रनको विशाल योगफल तयार पाऱ्यो।

तनहुँको पारीमा प्रतिक श्रेष्ठले ५८, इशान पाण्डेले ४० तथा इश्वर क्षेत्रीले ३८ रनको योगदान दिए। अरण्यज्योतीका बलरहरु अमर सिंह राउटेला र विद्यान श्रेष्ठले समान २-२ विकेट लिए। प्रत्युत्तरमा अरण्यज्योतीकोपारी १ सय १९ रनमा समेटिएको थियो। प्रतियोगितामा अरण्यज्योतीका अमरसिंह राउटेला म्यान अफ द सिरिज तथा वेष्ट व्याट्स्म्यान भए। युनिस विक्रम सिंह बेष्ट बलर बन्दा प्रतिक श्रेष्ठ म्यान अफ द फाइनल भए।

जितसंगै तनहुँले नगद ८० हजार सहित ट्रफि पुरस्कार पाउँदा अरण्यज्योतीले नगद ४० हजार सहित ट्रफि पुरस्कार प्राप्त गऱ्यो। सर्वोत्कृष्ट खेलाडीले ५ हजार तथा अन्य उत्कृष्ट खेलाडीले नगद २५ सय पुरस्कार पाए।

विजयी खेलाडीहरुलाई लुम्बिनी विकास बैंकका सञ्चालक रामचन्द्र सिग्देल, नेपाल क्रिकेट संघका सदस्य ऋषिराम गौतम, प्रदेश क्रिकेट संघ गण्डकीका अध्यक्ष देवेन्सन प्रजु, कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका सल्लाहकार विनोद लामिछाने लगायतले पुरस्कार वितरण गरे। आयोजक क्लवका अध्यक्ष कमल मगरले प्रतियोगिता सफल पार्न विभिन्न क्षेत्रबाट सहयोग गर्ने सहयोगीहरुप्रति आभार व्यक्त गरे। क्रिकेट खेलाडी विजय भुजेलले कार्यक्रम सञ्चालन गरेका थिए।

# तातोपानीको नयाँ मुहान भेटियो

**पोखरापत्र संवाददाता**
म्याग्दी ८ जेठ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ मा तातोपानीको नयाँ मुहान भेटिएको छ।

कटुञ्जे गाउँमुनिको पहाडको फेदी र कालीगण्डकी नदीको किनारमा प्राकृतिकरुपमा तातोपानी निस्कने मुहान भेटिएको हो। बेनी-जोमसोम सडकको भिरकाटे पारी कालीगण्डकी र दोवा खोलाको दोभान नजिकै बगरमा बाफ उडेको देखेपछि खन्ने क्रममा तातोपानीको मुहान भेटिएको दोवा बैंसीका गमबहादुर राम्जालीले बताउनुभयो। "बगरमा बाफ उडेको र पानी रसाएर चिसो भएको देखेपछि गल र बाउसोले खन्दा तातोपानीको मुहान भेटियो", उहाँले भन्नुभयो, "एक पटकमा तीन-चार जनाले शरीर डुबाएर स्नान गर्न मिल्ने पोखरी बनाएका छौं।" जमिनभित्रबाट करिब ५० डिग्री सेल्सियस तापक्रममा निस्कने पानीको मुहान अन्नपूर्ण गाउँपालिकाको वडा नम्बर १ मा पर्ने दोवा बैंसी र बेनी-जोमसोम सडकको भिरकाटे खण्डको पारिपट्टि रहेको छ। दोवाका बासिन्दा सोही तातोपानीमा स्नान गर्न जान थालेका छन्। तातोपानी स्नान गर्न आउनुभएकी दोवाकी ६७ वर्षीया लालमाया पुर्जाले पानीमा वीरेनुन र अण्डा उमालेको जस्तो गन्ध आउने बताउनुभयो। "सानो हुँदा यहाँको तातोपानीको पोखरीमा डुबेको याद छ। पछि मुहान पुरिएको थियो", उहाँले भन्नुभयो "५५-६० वर्षपछि फेरि मुहान भेटिएकाले नुहाउन आएको हो।" दोवा, सुनारी, कटुञ्जेका बासिन्दा त्यबेला यहाँको तातोपानीमा स्नान गरेर स्वास्थ्य लाभ गर्दथे।

## नि:शुल्क कानूनी सहायता

- नि:शुल्क कानूनी सहायता भनेको असमर्थ व्यक्तिलाई सरकारको तर्फबाट दिइने कानूनी राय सल्लाह तथा त्यस्तो व्यक्तिको तर्फबाट अड्डा अदालतहरुमा गरिने बहस पैरवी, लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा उपलब्ध हुने अन्य सेवा समेत हो।
- वार्षिक ४० हजार रुपैया वा सोभन्दा कम आय हुने व्यक्ति वा लैंगिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराइन्छ।

**गण्डकी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**पोखरा, नेपाल**
सम्पर्क नः ०६१–४६७७३२/४६७७३३

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी **डा. राजिव घिमिरे** पोखरामा यही **मिति जेठ २ गते मंगलबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# काम नगरी भत्ता नलेऊ

कानुन बनाउने संसदले हो । जनताले चुनेर पठाएका प्रतिनिधिले पहिलो कार्यकालअवधिमा संसद्ले एउटा पनि कानुन दिन सकेन, । सभामुख, उपसभामुख र उपाध्यक्ष चयन, प्रधानमन्त्रीलाई दुईपटक विश्वासको मत, राष्ट्रपति/उपराष्ट्रपतिको चुनाव, नयाँ नियमावली र समिति गठन गरेर सकियो पहिलो अधिवेशन।जनताले जे सोचाइ बनाएका थिए त्यस अनुसारको काम हुन सकेन।कतिपयको सोच र जिम्मेवारीमा रहनेका आनीबानीले गर्दा ऋणमा रहेकाहरु पनि स्वच्छ स्वासप्रस्वासको समस्याले सताइएका छन ।

४ मंसिरको निर्वाचनपछि २५ पुसदेखि १५ वैशाखसम्म करिब चार महिना चलेको संघीय संसद्को पहिलो अधिवेशन सञ्चालनमा ३५ करोडभन्दा धेरै खर्च भएको छ । प्रतिनिधिसभा र राष्ट्रिय सभाका पदाधिकारी तथा सदस्यको चैत मसान्तसम्मको सेवा-सुविधा र संसद् भवनको भाडामा यो रकम खर्च भएको हो । सचिवालयको नियमित खर्च तथा कर्मचारीको सेवा-सुविधाको खर्च यसमा जोडिएको छैन । संविधान कार्यान्वयन तथा राज्य सञ्चालनका लागि आवश्यक महत्वपूर्ण कानुन बनाउन सांसदहरूको सेवा-सुविधामा राज्यकोषबाट करोडौं खर्च गरे पनि उपलब्धि भने शून्य हुनुर्‍ेणणणण्पहिलो अधिवेशन एउटा पनि कानुन बनाउन नसकेर विधायिकी कार्यमा पूर्णतः असफल भयो ।

सभामुख, उपसभामुख र उपाध्यक्षको चयन, प्रधानमन्त्रीलाई दुईपटक विश्वासको मत, राष्ट्रपति/उपराष्ट्रपतिको चुनाव, नयाँ नियमावली र समिति गठन गरेर मात्रै अधिवेशन सकियो । ४ मंसिरको निर्वाचनबाट प्रतिनिधिसभामा छानिएका सदस्यहरूले ७ पुसमा शपथ लिएका थिए । त्यही दिनदेखि उनीहरूले पारिश्रमिकलगायतका सुविधा पाउनेगरेकाछन।जनताले तिरेको करबाट चल्ने निकायले करदाताप्रति जवाफदेही हुनु पर्छ ।

संसद् सचिवालयले संसद् भवन सञ्चालनका लागि अन्तर र्ष्ट्रिय सम्मेलन केन्द्रलाई वार्षिक १५ करोड भाडा तिर्दै आएको छ । यो अधिवेशनको चार महिनाको भाडा करिब तीन करोड ७५ लाख हुन आउँछ । संसद् सचिवालयका प्रवक्ताका अनुसार लेखा शाखाबाट वैशाखको भुक्तानी भइनसकेकाले यो हिसाबमा अधिवेशन अन्त्य भएको १५ दिनको खर्च भने जोडिएको छैन । पुसदेखि चैतसम्म संसद् सचिवालयतर्फ कर्मचारीको तलबलगायत छुट्टै ११ करोडभन्दा बढी खर्च भएको छ । यो नियमित खर्च हो । प्रत्यक्ष र परोक्ष रुपमा भएको खर्च जनताले विश्वास गर्ने आधार दिनु हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# युगकवि श्रेष्ठको ११२औँ जन्मजयन्ती

**रासस**
काठमाडौं ८ जेठ

सोमबारदेखि युगकवि सिद्धिचरण श्रेष्ठको ११२ औँ जन्मजयन्ती मनाइँदै छ। त्यस अवसरमा युगकवि सिद्धिचरण स्मृति गुठीको आयोजनामा काठमाडौँको न्युरोडस्थित सिद्धिचरण चोकमा रहेको उहाँको शालिकमा माल्यार्पण गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डययनमन्त्री सुदन किरातीको उपस्थितिमा सम्पन्न कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष वैरागी काइँला, प्रज्ञा-प्रतिष्ठानका कुलपति भुपाल राई, काठमाडौँ क्षेत्र नं ८ का सङ्घीय सांसद विराजभक्त श्रेष्ठ, नेपाली साहित्य क्षेत्रका विभिन्न व्यक्तित्वलगायतको उपस्थिति रहेको थियो । गुठीका अध्यक्ष सुवर्ण शाक्यको अध्यक्षतामा भएको कार्यक्रममा मन्त्री किरातीले १९९७ सालमा युगकविले क्रान्तिविना शान्ति हुँदैन भन्ने कविता लेखेबापत १८ वर्ष जेलजीवन बिताउनुभएको उल्लेख गर्नुभयो ।

नेपाली राजनीतिमा परिवर्तन ल्याउन उहाँको भूमिकाको कदर गर्न अझै कमी भएको मन्त्री किरातीको भनाइ थियो । "युगकवि जस्तै आजको युगले अर्को साहित्यकार मागिरहेको छ"। उहाँले भन्नुभयो । युगकवि श्रेष्ठको जन्म १९९७ जेठ ९ गते भए पनि उहाँको जन्मजयन्तीलाई सोमबारदेखि तीन दिनसम्म मनाइँदै छ ।

# एकदिवसीय विश्वकप छनोटका लागि नेपाली प्रारम्भिक टोलीको घोषणा

**रासस**
काठमाडौँ ८ जेठ

नेपाल क्रिकेट संघ (क्यान) ले जिम्बावेमा आयोजना हुने आइसिसी एकदिवसीय विश्वकप छनोटका लागि प्रारम्भिक नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको छ ।

क्यानले सोमबार २२ सदस्यीय प्रारम्भिक टोलीको घोषणा गरेको हो । छनोट हुने खेलाडीमा कप्तान रोहितकुमार पौडेलसहित कुशल भुर्तेल, आशिफ शेख, ज्ञानेन्द्र मल्ल, आरिफ शेख, दीपेन्द्रसिंह ऐरी, गुल्सन झा, सोमपाल कामी र करण केसी छन् ।

त्यसैगरी सन्दीप लामिछाने, भीम सार्की, प्रतिश जिसी, ललित राजवंशी, अर्जुन साउद, सन्दीप जोरा, देव खनाल, किशोर महतो, सूर्य तामाङ, कमल सिंह ऐरी, श्याम ढकाल र कुशल मल्ल रहेका छन् । जिम्बावेमा आगामी जुन जुलाईमा आयोजना हुने विश्वकप छनोटमा चार टेस्ट राष्ट्रसहित १० टोलीको सहभागिता रहनेछ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २३ बाम्दी ओखलढुङ्गा घडेरी सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः बाम्दी ओखलढुङ्गा घडेरी सडक निर्माण
स्थानः पोखरा–२३ कास्की
योजना सुरु हुने मिति : २०७९/०९/२० गते
योजना सम्पन्न हुने मितिः २०७९/१२/२९ गते
योजना सम्पन्न भएको मितिः २०८०/०२/१०
योजनाको कुल लागत : रु. ११,२३,५९५.५१।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००।–
जन सहभागितावाट : रु.१,२३,५९५.५१
उपभोक्ता समिति अध्यक्षः शिवलाल पराजुली
जम्मा उपभोक्ता समिति सदस्यः ११ जना महिला सदस्यः ४

**बाम्दी ओखलढुङ्गा घडेरी ग्रामीण सडक निर्माण उपभोक्ता समिति पोखरा-२३, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २३ स्थित नमुना गाउँ गोरेटो बाटो औसेलुचौर र नेपाली बस्ती निर्माण कार्य सम्पन्न गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः नमुना गाउँ गोरेटो बाटो औसेलु चौर र नेपाली बस्ती
स्थानः पोखरा–२३, कास्की
योजना सम्झौता मिति : २०७९/१०/०३ गते
योजना सुरु हुने मितिः २०७९/१०/०४ गते
योजना सम्पन्न हुने मितिः २०८०/०२/३० गते
योजनाको कुल लागत : रु. २२,४८,४९१.०४।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२०,००,०००।–
उपभोक्ता समितिबाट : रु.२,४८,४९१.०४।–
उपभोक्ता समिति सदस्यः महिला–४ पुरुषः ७ जम्मा : ११

**नमुना गाउा गोरेटो बाटो औसेलु चौर र नेपाली बस्ती निर्माण उपभोक्ता समिति पोखरा-२३, कास्की**



## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०२/०९)

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ११ मा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको आकस्मिक कक्ष निर्माण तथा संचालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन उपर प्रस्तावित आयोजना परिसरमा मिति २०८०/०२/१२ गते शुक्रबारको दिन बिहान ८:३० बजे सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्तिथीको लागि हार्दिक अनुरोध गर्दछु ।

**आयोजक**
**पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान**


# हाइकिङको लागि पुर्व तयारी अवलोकन भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ



हाइकिङलाई अझै व्यवस्थित वनाउन हाइकर्स क्लब नेपालका सदस्यहरु पुर्व तयारीको लागि तनहुँको दगाम सामुदायिक होमस्टेमा गएका छन् ।

स्वास्थ्य र पर्यटनको लागि हाइकिङ मुल नाराका साथ विगत ४ वर्षदेखि हरेक महिनाको अन्तिम शनिबार हाइकिङ (छोटो पदयात्रा) कार्यक्रमको संयोजन गर्दै आएका हाइकर्स क्लब नेपालका संयोजक कृष्ण रानाभाटको नेतृत्वमा जेठ महिनाको पहिलो शनिबार दगाम पुगेको हो । समुहमा क्लबका सदस्य एवं आइटि संयोजक पितम सेन ठकुरी, पोखरा २२ मा रहेको कालाबाङ घरेडी सामुदायिक होमस्टे व्यवस्थापन समितिका अध्यक्ष याम बहादुर गुरुङ, पत्रकार धनश्याम पौडेल, विनोद कार्की र समाजसेवी कृष्णमान श्रेष्ठ रहेका थिए ।

उक्त टोली कोत्रे वजारमा ९ वजे पुग्यो । कोत्रे वजारबाट दगाम सामुदायिक होमस्टेकी अध्यक्ष तिला थापा मगरलाई जानकारी गरायो । र कोत्रेबाट पैदल ज्वालादेवी वन, मकनपुर गाउँ, भुजिकोट गाउँ हुर्दै करिब साढे ११ वजे दगाममा पुगेको थियो । दगाममा होमस्टे अध्यक्ष तिला थापा, समाजसेवी नन्द थापा लगाएतले स्वागत गर्दै होमस्टे, गाउँ र गाउँमा रहेका प्रख्यात देविथानहरुको वारेमा जानकारी गराउनु भएको थियो ।

# लालपूर्जाका कारण तनाबमा विश्वकर्मा

**प्रेम बहादुर आले**
गोरखा ८ जेठ

गोरखा जिल्लाको धार्चे गाउँपालिका वडा नं. ६ मा गुरुङ र घलेको बाक्लो बस्तीका साथै ३१ घर विश्वकर्मा समुदाय पनि रहेको छ।

सबै विश्वकर्मा अन्तरगतका घरधुरीको गरिखाने जग्गा नभएपनी घरले चर्चेको घडेरीको मात्रै भएपनी घरधनीको नाममा जग्गाधनी लालपूर्जा भएकै कारण यस ठाउँमा बसोबास गर्ने दलित समुदाय तनाबमा रहेको छ । भूमिहीन दलितलाई गरी खाएको जग्गाको लालपूर्जा दिन सरकार प्राथमिकताका साथ अगाडी बढीरहेको बखत यहाँका दलित समुदाय न भूमिहीनमा पर्छन्, न उनीहरुसित गरिखाने भूमि छ । उनीहरुसित साथमा घडेरीको मात्रै भएपनी जग्गाधनी लालपूर्जा भएका कारण राष्ट्रिय भूमि आयोगको कार्यक्रमबाट बन्चित हुनुपरेको अवस्था छ । 'बसेको घरबाहेक हामीसित कत्तिपनि जग्गा छैन', स्थानीय दलित समुदाय भन्छन्, 'आरान कमाएर खानेलाई पहिले जग्गा दर्ता गर्नुपर्छ भन्ने ज्ञान भएन । अहिले आरानले मात्र पनि नधान्ने भयो ।' भूमिहिन दलित समुदायलाई सरकारले प्राथमिकताका साथ लालपूर्जा दिँदैछ भन्ने खबरले दलित समुदायलाई खुशी भन्दा पनी दुखी बनाएको छ । 'लालपूर्जा नभएकालाई सरकारले जग्गा दिँदैछ भन्ने सुनेको छ, तर हामी लालपूर्जा भएकालाई कागलाई बेल पाक्यो हर्स न बिस्मात भनेजस्तो भएको छ', दलित समुदायका एक व्यक्तिले भने, 'आरानले धान्दैन । निमेक गर्दै पेट पाल्नुपर्ने अवस्था रहेको छ ।' गाउँघरमा आरान र निमेक गरेर मात्र नपुगेसी यस ठाउँका दलित समुदायका व्यक्तिहरु वैदेशिक रोजगारीको सिलसिलामा खाडी मुलुकतिर पनि गए तर कमाइ राम्रो हुन सकेन बरु उल्टै कतिपयको थाप्लामा वैदेशिक रोजगारीका लागि निकालेको ऋण थपियो । 'हामी दलित अल्छी भएर गरिब भएका होइनौँ', स्थानीय दलित समुदायका एक व्यक्तिले भने, 'यहाँ दिनको पाँच, छ सय रुपैयाँमा निमेक गरेर परिवार पाल्न गाह्रो भयो । त्यही निमेक पनि सधै पाइदैन, त्यसैले बाध्यताले खाडी मुलुक जानेहरुको संख्या पनि बढ्दै गयो । तर जति कमाए पनि कमाएको सबै साहुको ऋण तिर्दैमा ठिक्क हुदो रहेछ । फर्केर आउँदा स्थिती जस्ताको तस्तै' जग्गा जे जति भयपनी जग्गाधनी लालपूर्जा हुनेले भूमि आयोगको कार्यक्रमबाट लाभ लिन नपाउने व्यवस्था भएको वडाअध्यक्ष धनकुमार घलेले बताए ।

'हाम्रो वडामा मात्र होइन, हाम्रो पालिकाभरि नै विश्वकर्मा समुदाय गरिबीको चपेटामा छन् । न उनीहरुको नाममा गरिखाने जग्गा छ, न उनीहरुलाई भूमिहिन दलित भन्न मिल्छ', घले भन्छन्, 'दसनङ्ग्रा खोर्सेर खाने जग्गा जमिन छैन भन्ने थाहा छ, तर के गर्नु, राज्यले अवलम्बन गरेको नियम नै त्यस्तै भएपछि हामीले चाहेर पनि उनीहरुलाई जग्गा दिलाउन सकिँदैन ।' धार्चे गाउँपालिका वडा नं. ६ मा अवस्थित काशिगाउँका १३ घरधुरी दलित समुदायको बस्तीमा चार वटा आरान छ । त्यही बाट सबैले आलोपालो गरी आरान कमाउने गर्छन् ।

# महिला भलिबल–नेपालले किर्गिस्तानलाई हरायो

**रासस**
काठमाडौँ ८ जेठ

राजधानीमा सोमबारदेखि सुरु भएको काभा महिला भलिबल च्यालेन्ज कपमा नेपालले कीर्गिस्तानलाई पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ । त्रिपुरेश्वस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलामा सोमबार भएको खेलमा नेपालले किर्गिस्तानलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । नेपालले किर्गिस्तानाई पहिलो सेट २५-११ दोस्रो सेट २५-१९ र तेस्रो सेट २५-११ ले पराजित गर्‍यो । यस जितसँगै नेपालले ३ अङ्क जोडेको छ।

नेपालले आफ्नो दोस्रो खेल भोलि बङ्गलादेशसँग दिउँसो ३ बजे खेल्नेछ। सोही स्थानमा सोमबार भएको अर्को खेलमा भारतले बङ्गलादेशमाथि ३-० को सोझो सेटमा जित निकालेको छ। भारतले बङ्गलादेशलाई २५-३, २५-९ र २५-६ ले हरायो । यस जितसँगै भारतले ३ अङ्क जोड्यो । उक्त प्रतियोगितामा विभिन्न आठ राष्ट्रको सहभागिता रहेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २३ स्थित सिमलटार बराह आश्रम हुदै मकानपुर सिधाने सडक निर्माण कार्य सम्पन्न गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः सिमलटार बराह आश्रम हुदै मकानपुर सिधाने सडक
स्थानः पोखरा–२३, खाल्टे पैह्रो, मकानपुर, कास्की
योजना सम्झौता मिति : २०७९/०९/२८ गते
योजना सुरु हुने मितिः २०७९/१०/०३ गते
योजना सम्पन्न हुने मिति : २०८०/०२/२५ गते
योजना सम्पन्न मितिः २०८०/०२/०८ गते
योजनाको कुल लागत : रु. ५५,५५,५५५।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५०,००,०००।–
उपभोक्ता समितिबाट : रु.५,५५,५५५।–
उपभोक्ता समिति अध्यक्षः राजु घले
मोवाईल नं. : ९८०५२१८२७५
सचिवः शिव घले, कोषाध्यक्षः विन्दु भूजेल
उपभोक्ता समिति सदस्यः महिला–४ पुरुषः १४ जम्मा : १८

**सिमलटार बराह आश्रम हुदै मकानपुर सिधाने सडक निर्माण उपभोक्ता समिति पोखरा-२३, कास्की**

# मादी नदीमा सामुदायिक विपद् प्रतिकार्य तालिम

पोखरापत्र संवाददाता
दमौली, ८ जेठ

नेपाली सेनाको आयोजनामा व्यास नगरपालिका-५ स्थित मादी नदीमा सामुदायिक विपद् प्रतिकार्य तालिम सुरु भएको छ ।

व्यास -५ चापाघाटस्थित कालीभञ्जन गण (इ) को आयोजनामा मादी नदीमा आइतबारदेखि विपद् प्रतिकार्य तालिम थालिएको हो ।

विपद्को अवस्थामा उद्धार एवं खोजका लागि समुदायका व्यक्तिलाई अभ्यस्त बनाउने उद्देश्यसहित प्रतिकार्य तालिम आयोजना गरिएको गणपति प्रमुख सेनानी रामज्योति बोहोराले जानकारी दिनुभयो । उक्त तालिममा व्यास नगरपालिकाका विभिन्न वडाबाट २८ तथा म्याग्दे गाउँपालिकाका विभिन्न वडाबाट आठ जनाको सहभागिता छ ।

तालिमले विपद्का बेला उद्धार तथा विपद्को पूर्वतयारीमा सहयोग पुग्नुका साथै क्षति न्यूनीकरणमा सहयोग पुग्ने विश्वास लिइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "वर्षायाममा जिल्लामा हुनसक्ने जोखिमका घटनाबाट बच्ने र बचाउने उपाय अवलम्बन गर्दै दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो । उक्त प्रतिकार्य तालिम मङ्गलबारसम्म सञ्चालन हुनेछ । यसैगरी गण्डकी प्रदेश सरकार तथा पश्चिम पृतना हेडक्वाटरको संयोजनमा विपद् नमूना अभ्यास ' अभ्यास गण्डक उद्धार-१' प्रदर्शनी गरिने भएको छ । उक्त नमूना अभ्यास कार्यक्रममा प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको सहभागिता रहने गणले जनाएको छ । विपद् नमूना अभ्यास ' अभ्यास गण्डक उद्धार-१' प्रदर्शनी सञ्चालन पूर्वनेपाली सेना तथा अन्य सुरक्षा निकायका सकल दर्जाहरूले विपद् उद्धारसम्बन्धी छदिने पुनर्ताजगी तालिम लिएका थिए । विपद् नमूना अभ्यास प्रदर्शनीमा नेपाली सेनाको एक गुल्म, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जिल्ला अस्पताल, नेपाल रेडक्रस सोसाइटी तथा व्यास नगरपालिकाका नगर प्रहरी, एम्बुलेन्स तथा दमकलको प्रयोग गरिनेछ । उक्त प्रदर्शनीमा सेनाको संयुक्त टोलीले भूकम्प, आगलागी, पहिरा तथा बाढीसम्बन्धी उद्धार प्रक्रियाको प्रदर्शनी प्रस्तुत गर्नेछन् । प्रमुख सेनानी बोहोराले भन्नुभयो, "बर्सेनि बर्सातको समयमा आउने बाढी, पहिरा तथा डुबानले जनधनको क्षति पुऱ्याउने गरेकाले बर्सातको समयमा हुनसक्ने सम्भावित क्षतिलाई न्यूनीकरण तथा बाढीबाट हुने क्षतिको तत्काल उद्धार गर्नका लागि समयमा नै सरोकारवाला निकायसँग समन्वय गरी जोखिमयुक्त इलाकाको पहिचान, उद्धार तथा बाढीमा फसेका व्यक्तिको उद्धार गर्ने तरिकाको अभ्यास गरिरहेका छौं ।"

# लेक चढ्न थाले भेडी गोठ

पोखरापत्र संवाददाता
बागलुङ, ८ जेठ

मध्यपहाडी लोकमार्ग हुँदै पूर्वी रुकुम जाने बाटोमा थुप्रै भेडाबाखाको ठूलो बथान भेटिन्छन् । अघि-अघि भेडाबाखा पछिपछि गोठाला हिँडिरहेका देखिन्छन् । गत मङ्सिरमा जाडो र हिमपात छल्न औल झरेका भेडीगोठ यही जेठ पहिलो सातदेखिनै लेकतिर उक्लिन थालेका छन् । औलमा गर्मी बढेसँगै भेडीगोठ माथिल्लो क्षेत्रतर्फ सार्न थालेका हुन् । छ महिना बेसी बस्ता भेडाबाखाको घाँस र दाना सकिने हुँदा हरेक वर्ष गोठाला लेक-बेसी गरी राख्छन् ।

बागलुङ निसीखोला, ढोरपाटन, तमानखोला, ताराखोला र गलकोटको माथिल्लो क्षेत्रमा बढी भेडाबाखा पालन हुने हुँदा गोठाला हप्तौंको यात्रा गरेर बुकी पुग्ने गर्छन् । बुकीमा भेडाबाखाका लागि पोषिलो घाँस पर्याप्त पाइने हुँदा जेठदेखिनै लेक चढ्न थाल्छन् । असारको दोस्रो सातासम्म तमानखोलाको सोलेडाँडा, बागलुङ, पूर्वी रुकुम र रोल्पाका सिमाना पातीहाल्ने क्षेत्रमा बिताउने र त्यसपछि बुकी चढ्ने गर्छ । मध्य असारसम्म बुकीमा प्रसस्तघाँस नपलाउने हुँदा त्यस बेलासम्म बस्तीभन्दा माथिल्लो जङ्गलमा डेढ महिना भेडाबाखा चराउने गरिन्छ । अहिले लेक चढ्न थालेका भेडीगोठाले दसैं बेला मात्रै बेसी झर्ने गर्छन् । बेला-बेलामा चर्ख लिन झर्ने गोठाला चार महिना लेकमै बिताउने गर्छन् । यति बेला उनीहरूले करिब एक महिनालाई पुग्ने आटो, पिठो र नुन बोकेर जाने गर्छन् । बर्खामा लेक र हिउँदमा बेसी गर्ने भेडागोठाले कात्तिक लागेपछि भेडा बेच्न बजारसम्म पुग्ने गर्छन् । अहिले सडकको पहुँचले गर्दा व्यापारी गोठमै पनि भेडा खरिद गर्न पुग्छन् । पहिले दुई साता हिँडेर भेडा बेच्न बजार झर्ने गरेको भेडापालक कृष्णबहादुर घर्तीमगरले बताउनुभयो । लेकमा घाँस पलाएर भेडाबाखाले खाने हुन थालेपछि लेक लैजान थालेको उहाँको भनाइ छ । "यसपालि त बर्खा नलाग्दै ठूलो पानी पऱ्यो, त्यसले गर्दा लेकमा घाँस पलाएका छन्, बेसीमा घाँस सकियो, यहाँ पाल्न सकिँदैन, त्यही भएर लेकतिर लागेका छौं, पहिले-पहिले असार लाग्ने बेला जान्थ्यो, यो वर्ष दुई साता पहिलै लेक जाँदैछौं", घर्तीमगरले भन्नुभयो, "अहिले लेक चडेपछि आउने त अब दसैंतिर मात्र हो, त्यस बेलासम्म परिवारसँग सँगै बस्न पाइँदैन, ज्यानलाई सञ्चो भएन भने, घरका केही पऱ्यो भने मात्रै झर्ने हो नत्र एकै पटक असोज, कात्तिकमा आउने हो ।"

तमानखोला गाउँपालिका-५ का भेडापालक देवबहादुर विकले अहिले आफूहरू तीन हजार दुईको उचाइमा रहेको जनाउँदै अब केही दिनमै चार हजार दुई सय मिटरको उचाइसम्म भेडा लिएर जाने बताउनुभयो । गर्मी मौसममा भेडा औलमा बस्दा बिरामी पर्ने भएकाले गोठ माथिल्लो क्षेत्रतिर सार्न थालिएको उहाँको भनाइ छ । हिउँदमा माथिल्लो क्षेत्रमा अत्यधिक चिसो हुने र भेडाले चिसो सहन नसक्ने हुँदै बेँसी झार्ने गरेको बताउनुहुन्छ । भेडीगोठ यतिबेला तिलाचन, पाती हाल्ने शैलुङ, तल्लो फागुनेतिर लैजान सुरु भएको छ ।

उहाँ भन्नुहुन्छ, "हामीहरू लेक बेँसी गर्न थालेको चालिसौं वर्षभन्दा बढी भयो, भेडा नपाली खान लाउन पुग्दै, यही बेचेर परिवार चलाउँदै आएका छौं, काम त गर्नै पऱ्यो जे गरे पनि, लाहुर जान सकिएन, पढ्न पाइएन, पढेको भए जागिर खाइन्थ्यो होला, हाम्रो पालामा पढ्ने लेख्ने चलन पनि थिएन, यसैगरी जिन्दगी बित्न थाल्यो, यहाँको वनपाखा सबै थाहा छ, म हरेक कुनामा पुगेको छु ।" उहाँले नयाँ युवा पुस्ताले भेडापालनमा चासो नदिँदा पहिलेको जस्तो चहलपहल नभएको बताउनुभयो । यसले गर्दा परम्परागत भेडीगोठ राख्ने प्रचलन लोप हुन थालेको गुनासो गर्नुभयो । पहिले बुकीमा बीसौं हजार भेडाबाखा हुने गरेको भन्दै अहिले निकै कम भएको विकको भनाइ छ । भेडाबाखा पाल्नेले पनि जङ्गलमा नलगी खोरमै बाँधेर पाल्ने गरेको उहाँले बताउनुभयो । पश्चिम बागलुङका ग्रामीण क्षेत्रमा अहिले पनि भेडापालनमा स्थानीयको चासो उत्तिकै देखिन्छ । भेडापालक कृषकले रहेक वर्ष चार लाखदेखि १२ लाखसम्म आम्दानी गर्ने गरेको पाइन्छ ।

# 'पशु बिरामी भएमा तत्काल खबर गर्नुहोस्'

पोखरापत्र संवाददाता
बागलुङ, ८ जेठ

पछिल्लो समय पशुमा देखिएको सङ्क्रमक रोग नियन्त्रणका लागि बागलुङमा पशु चिकित्सक र पशु प्राविधिकले सक्रियता देखाएका छन् ।

भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाको नेतृत्वमा सबै पालिकाको पशु सेवा शाखालाई सक्रिय बनाइएको हो । आफ्नो पालिकाभित्रका पशुमा रोग देखिएमा तत्काल उपचार गराउने, किसानलाई क्षति हुनबाट बचाउने काममा लाग्न उहाँले निर्देशनसमेत दिएको बताउनुभयो ।

सङ्क्रामक रोगको रुपमा लम्पी स्किन देखिएको छ । यो रोगबाट बागलुङमा धेरै पशुको मृत्युसमेत भइसकेको बताइएको छ । सापकोटाका अनुसार झण्डै चार सय पशु सङ्क्रमित छन् भने १४ पशुको मृत्यु भइसकेको छ । शरीरमा गिर्खा आउने र सोही गिर्खा पाकेर रगत र पिप बग्ने कारणले पशुको मृत्यु भएको हो । मृत्यु हुने अधिकांश पशुमा उच्च ज्वरो देखिएको केन्द्र प्रमुख डा सापकोटाले जानकारी दिनुभयो ।

एक सय चार डिग्रीभन्दा बढी ज्वरो आएमा तत्काल उपचार सेवा बढाउन उहाँले प्राविधिकलाई आग्रह गर्नुभएको हो । होलिस्टाइन र अन्य विकासे गाई पालिएको फर्ममा यो सङ्क्रमण बढी देखिएको हो । तराइका जिल्लामा देखिएको सङ्क्रमण क्रमशः बागलुङमा पनि आएको हो । पहिलो पटक अफ्रिकाको जाम्बियामा देखिएको रोग दुइ वर्ष अघि भारत र नेपालमा देखिएको थियो । अहिले भने यो रोग सङ्क्रमक भएर फैलिएको सापकोटाले जानकारी गराउनुभयो । जिल्लाका सबै पालिकास्थित पशुसेवा शाखाका प्राविधिकलाई उपचारमा सक्रिय बन्न र प्राविधिक समस्या भए भेटेनरी अस्पतालमा सम्पर्क गर्न भनिएको हो । यो रोग सङ्क्रमण भएको गाई भैंसीमा पाँच दिनसम्म लक्षण नदेखिने, देखिएका पशुलाई टोकेका किर्ना, लामखुट्टे र भुसुनाबाट अर्को पशुमा सर्ने गरेको भेटिएको हो । त्यसका लागि गोठ सफाइ गर्ने, सङ्क्रमण भएको पशुलाई अरुभन्दा पर राख्ने र उपचार सेवा दिने गर्नुपर्ने उहाँले बताउनुभयो । यो रोग लागेका पशुमा सबैभन्दा बढी दूध सुक्ने समस्या देखिएको छ । कतिपय गाईले ८० प्रतिशतसम्म दूध घटाएको र बढाउन नसकिने अवस्था भएको सापकोटाको भनाइ थियो । यो रोगको निश्चित औषधि नभएकाले लक्षणको आधारमा उपचार गराइएको सापकोटाले बताउनुभयो । ज्वरोकोलागि सिटामोल र भिटामिन खुवाउने तथा अन्य लक्षण हेरेर उपचार गर्ने काम भइरहेको हो ।

अन्तर्क्रियामा बडिगाड गाउँपालिका पशु शाखाका बसन्त गौतम, गलकोटका शिव आचार्य, ताराखोलाका चिन्तामणि शर्मा, ढोरपाटनकी टेकमाया खड्का, तमानकी यमकुमारी घर्ती, काठेखोलाकी तुला गलामी निसीका कृष्ण चन्द र जैमिनीका कृष्ण ढकालले नियमित किसानको फर्म र घरघरमा खटिएर उपचार सेवा दिएको बताउनुभयो ।

कतिपय पालिकाले खोपकालागि रकमसमेत सङ्कलन गरेको तर चाहे जति खोप नपाएको गुनासोसमेत गर्नुभएको थियो । नेपालमै अहिले यो रोगविरुद्धको खोप अभाव भएकाले औषधि उपचारमै जोड दिनुपर्ने सापकोटाले जानकारी दिनुभयो । जिल्ला समन्वय समितिका प्रमुख अमर थापाले किसानको लागि पशु र जमिननै सबै सम्पत्ति भएकाले प्राविधिकले यो समयमा उपचारमा सहयोग गर्नुपर्ने बताउनुभयो । उहाँले आम नागरिकलाई यो रोगबारे जानकारीसमेत दिनुपर्ने धारणा राख्नुभएको थियो । सहायक प्रजिअ चित्राङ्गत बरालले किसानको समस्या समाधानमा प्रशासन पनि गम्भीर भएको बताउनुभयो ।

# प्रतिभा माविमा जुरेस गठन

पोखरापत्र संवाददाता
पोखरा ८ जेठ

पोखराको नदीपुरमा अवस्थित प्रतिभा माध्यमिक विद्यालयमा एलिस सुबेदीको नेतृत्वमा १३ सदस्यीय जुनियर रेडक्रस सर्कल गठन गरेको छ ।

जसको उपाध्यक्ष निरज पौडेल, कोषाध्यक्ष प्रतिक्षा बाँस्तोला, सचिव सुशान्त भूषाल, सह सचिव कञ्चन पौडेल र सदस्यहरूमा अदिश सुबेदी, विधान पौडेल, आशिष पौडेल, दिप्रशन शाह, कुञ्जन श्रेष्ठ, सुलभ के. भण्डारी, इश्वरीन केसी र रोहन क्षेत्री रहेका छन् ।

त्यसैगरी शिक्षक नायकमा भोजराज ढकाल र सह नायकमा रोशन जिसी र संरक्षकमा विद्यालयका प्रिन्सिपल किरण सापकोटा रहेका छन् ।

नवगठित समितिलाई विद्यालयका प्रिन्सिपल तथा समितिका संरक्षक किरण सापकोटाले बधाई तथा शुभकामना दिँदै उक्त समितिको कार्यकाल सफलतापूर्वक हुनेमा आफू विश्वस्त रहेको बताए ।

# शिलान्यास भएको १२ वर्षपछि बन्यो विहार

पोखरापत्र संवाददाता
बागलुङ, ८ जेठ

शिलान्यास भएको १२ वर्षपछि गलकोट नगरपालिका वडा नं ११ रिघाको उदय रिघा बौद्ध विहार निर्माण पूरा भएको छ ।

स्थानीय शेरबहादुर घर्तीले रिघामा बौद्ध धर्मको प्रचारप्रसार तथा प्रवर्द्धन गर्दै रिघालाई धार्मिक तथा पर्यटकीयस्थलका रुपमा विकास गर्नका लागि १२ वर्षअघि यसको शिलान्यास गर्नुभएको थियो । उक्त स्थनामा बौद्ध गुम्बा, सत्तल तथा प्रवेशद्वार निर्माण गरिएको विहार व्यवस्थापन समितिका अध्यक्ष शेरबहादुर घर्तीले बताउनुभयो । "बाह्र वर्षअघि बौद्ध धर्म र दर्शनका विषयमा जानकारी लिने मौका मिल्यो, भगवान गौतम बुद्धका नाममा केही गरौं भन्ने सोच आयो", घर्तीले भन्नुभयो, "बीस रोपनी जग्गालाई तारबार र संरक्षण गरी विहार बनाउने लक्ष्य यतिबेला आएर पूरा भएको छ ।" युके, ब्रुनाईलगायतका देशमा रोजगारीका लागि जानेबाट प्राप्त सहयोग, सङ्घीय, प्रदेश र स्थानीय सरकारबाट आएको बजेटले विहार निर्माण पूरा भएको हो । विहार निर्माणका लागि गलकोट नगरपालिकाको रु १२ लाख, सांसद विकास कोषबाट रु १० लाख, गण्डकी प्रदेश सरकारबाट रु आठ लाख, वडा कार्यालयबाट तीन लाख प्राप्त भएको थियो । साथै रिघा घर भई देशविदेशमा रहनुभएकाबाट रु ८० लाख सहयोग प्राप्त भएको थियो । गुम्बालाई ध्यान तथा योगस्थलका रुपमा विकास गरी पर्यटकीय गतिविधि बढाउने उद्देश्य लिइएको गलकोट नगरपालिका-११ रिघाका वडाध्यक्ष डम्मर श्रीसको भनाइ छ ।

गण्डकी प्रदेश सरकार
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा घरेलु कार्यालय, कास्की
**फर्म बन्द सम्बन्धि ३५ दिने सूचना**
प्रथम पटक प्रकाशित मिति: २०८०/०२/०९ गते

यस कार्यालयमा मिति २०७६/०५/०५ मा कास्की जिल्ला पोखरा २२ मा संचालन गर्ने गरी पोखरा-२२, कास्की निवासी शोभा काफ्लेको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १५९७६/०७६/०७७ को ह्वाईट एण्ड ग्रिन मल्टि एग्रो फर्म नामक फर्मको प्रोप्राईटरले मिति २०८०/०२/०७ मा फर्म बन्द गरी पाउँ भनी आवश्यक कागजात सहित रितपुर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

- पर्यटन तथा उद्योग कार्यालय, कास्की

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**भावपूर्ण श्रद्धाञ्जली**



जन्मः वि. सं. २००४/१०/१४ गते

**स्व. खड्ग बहादुर पहारी**

स्वर्गारोहणः वि. सं. २०८०/०२/०१ गते

हाम्रा आत्मीय मित्र रामकृष्ण पहारी एवं शुभचिन्तक नारायण बहादुर पहारी र उत्तम बहादुर पहारीका पुजनीय पिता पोखरा-६, अम्बोट निवासी **खड्ग बहादुर पहारी**को ७६ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको ९औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रन्जन ढकाल, रिता पराजुली, उत्तम बराल, सुमेरु बराल
सुरजजङ्ग राणा, शोभाकान्त सिग्देल, कृष्ण थापा, हेमराज चालिसे
नारायण भण्डारी, बासुदेव पौडेल, केशव बराल, सृजना बराल
अजय वाग्ले, राज कुमारी थापा, ललित मगर, शिवा गुरुङ
हरिप्रसाद बास्तोला, सितादेवी वाग्ले, बासुदेव चालिसे

**स्नातक समूह २०५५ पृथ्वीनारायण क्याम्पस, पोखरा**